# आ.ब.२०७९।०८० को तेश्रो चौमासिक अबधि (चैत्र-असार) र बार्षिक अबधी (श्राबण-असार)मा गरिएको सेवा प्रवाह, पारित नीति, आयोजना, कार्यक्रम एवं बजेट बिनियोजन र खर्च सम्बन्धी बार्षिक समीक्षा कार्यक्रम

दिपायल सिलगढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सिलगढी, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

श्री सा.वि.

२०८०।०४।०६

नि.प्रमुख प्रशासकीय अधिकृत

## २०८० श्राबण ५ गते
## समीक्षा प्रतिबेदन

पेश गर्ने
रमेशचन्द्र जोशी
सामाजिक बिकास अधिकृत
दिपायल सिलगढी नगरपालिका
दिपायल सिलगढी नगरकार्यपालिका

# आ.व.२०७९/२०८० को तेस्रो चौमासिक (मंशिर-फाल्गुण) तथा बार्षिक (श्राबण-आषाढ) अबधीको समिक्षाको प्रतिबेदन:२०८० श्राबण ५ गते

## १.परिचय (Introduction)

यस दिपायल सिलगढी नगरपालिकाले आर्थिक वर्ष २०७९।०८० मा पारित नीति, स्विकृत गरेको बजेट एवं कार्यक्रम र आयोजना सम्बन्धी तेश्रो चौमासिक अबधि तथा आ.ब.०७९।०८० को बार्षिक श्राबण देखि असार सम्मको प्रगति एवं गतिविधिहरुको जानकारी नगर प्रमुख, उपप्रमुख लगायत नगर कार्यपालिका सदस्यहरु बीचमा राखि छलफल गर्न प्राप्त सुझाव तथा सल्लाह बमोजिम गर्न आ.ब.को तेश्रो चौमासिक अबधी सम्ममा नगरपालिकाले वडा कार्यालय तथा बिषयगत शाखा मार्फत गरिएका कार्यको समीक्षा गरी सुशासन कायम गर्ने उद्देश्यले चौमासिक तथा बार्षिक समिक्षा कार्यक्रमको आयोजना गरिएको हो । प्रत्येक वर्ष नगरकार्यपालिका कार्यालयले सम्पादन गरेका कार्यको जानकारी नगरपालिकाले सरोकारवालाहरु बिषेश गरी पदाधिकारी तथा कर्मचारीलाई आमन्त्रित गरी उपलब्ध गराउदै आए झैं यस वर्ष पनि सो कार्यलाई नियमितता गरिएको छ । बेला बेलामा गरिने समिक्षा कार्यक्रमले नगरको अवस्था झल्काई आगामी दिनका लागि सुशासनलाई मजबुत बनाउन, समयमा कार्य सम्पन्न गर्ने, नीति अनुसारका कार्यक्रमको तालमेल मिलाउने लक्ष्य निर्धारण गरी कार्यक्रम सम्पन्न गर्ने, सेवा प्रवाहको अवस्थालाई मजबुत बनाउने, काम गर्ने क्रममा आएका समस्याहरुको सहि किसिमले निराकरण गर्ने तथा समुदायको माग र भावी कार्यदिशा को बोध गरी सुशासन कायम गर्न तथा पारदर्शिताको एक आयामका रुपमा यस समिक्षा कार्यक्रमलाई लिन सकिन्छ ।

नगरपालिकाकाले बिभिन्न आर्थिक वर्षमा स्वीकृत योजना तथा वर्षको आय व्ययको जानकारी विभिन्न संचार माध्यम रेडियो पत्रपत्रिका मार्फत जानकारी गराउदै आएपनि यो कार्यक्रमा प्रत्यक्ष रुपमा बिषयगत र वडागत प्रस्तुति गरिने भएकाले दोहोरो छलफलका माध्यमबाट आगामी दिनका लागि थप सुझाव प्राप्त गर्न प्रभावकारी बन्दै जाने आशा गर्न सकिन्छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७१ को उपदफा २ तथा दफा ७८ अनुसारको क्रियाकलाप सम्पन्न गरी कानुनी जिम्मेवारीलाई पनि पुरा गर्न समीक्षा कार्यक्रम आयोजना जरुरी रहेको छ ।

सुदूर पश्चिम प्रदेश अन्र्तगत डोटी जिल्लाको केन्द्रविन्दुमा रहेको दिपायल सिलगढी नगरपालिकाको आफनै ऐतिहासिक महत्व रहेको छ ।। नगर क्षेत्रको कुल क्षेत्रफल १२६.६२ वर्ग कि.मि. हेक्टर छ । रहेको यस नगरपालिकामा ३२९४१ जनसंख्या रहेकोछ । दिपायल सिलगढी नगरपालिकाले आ.व.२०७९।०८० मा को कूल प्रस्तावित बिनियोजन रु.६८४,६०,५७,५१२।०० मा बास्तविक आय रु.६०,९६,४४,७१७।०० मा कूल खर्च रु.५५,४९,७२,०७७।०० अर्थात कूल बिनियोजनको ८०.८९ प्रतिशत रहेको छ । नगरपालिकाको कुल जनसंख्या ३३९६८ लाई कूल खर्चमा बिभाजन गर्दा प्रति व्यक्ति रु.१६३३८।०० प्रति ब्यक्ति खर्च गरिएको । तर हरेक व्यक्तिको लागि पुर्वाधार, सामाजिक बिकास र व्यक्तिगत बिकासको लागि यो रकम अति न्युन रहेको छ तथापी भएको सरकारी बजेटलाई सहि सदुपयोग गरी सुशासन युक्त सम्वृद्ध नगर बनाउन कर्मचारी तथा जन प्रतिनिधी सबैको जिम्मेवारी रहेको छ ।

**२. कार्यक्रमको उद्देश्यः** नगरपालिकाका सबै बिषयगत शाखा र सबै वडाहरुको आ.ब.२०७९।०८० को तेश्रो चौमासिक सहित बार्षिक अबधीमा बिनियोजन गरेको बजेट खर्च र गरिएको प्रगति सम्बन्धी छुट्टा छुट्टै प्रतिबेदन प्रस्तुत गरी सुझाव प्राप्त गर्ने प्रयोजन तथा उद्देश्य यस कार्यक्रमको रहेको छ ।

३. **कार्यक्रममा सहभागीहरु:** कार्यक्रममा विषयगत शाखा एवं इकाइहरुमा योजना तथा प्राविधिक शाखा, सामाजिक विकास शाखा, प्रशासन शाखा, आर्थिक प्रशासन शाखा, महिला तथा बालबालिका शाखा, शिक्षा तथा खेलकुद शाखा कृषि, पशु, स्वास्थ्य, शिक्षा, जिन्सी, पन्जीकरण, सामाजिक बिकास शाखा, रोजगार शाखा लगायत वडा नं.१ देखि ९ सम्म सबैको सहभागिता सहित नगर प्रमुख, उपप्रमुखज्यु, प्रमुख प्रशासकीय अधिकृतज्यु, वडा अध्यक्ष, वडा सचिव एवं अन्य कर्मचारी र पदाधिकारी सहित ५० भन्दा बढीजनाको उपस्थिति रहेको थियो ।

४. **समीक्षा कार्यक्रमको खाका:** कार्यक्रमलाई निम्नानुसारको खाका सञ्चालन गरिएको थियो ।

अध्यक्षता: नगर प्रमुखज्यू
आसन ग्रहण: नगरउप प्रमुखज्यू
आसन ग्रहण: प्रमुख प्रशासकीय अधिकृतज्यू
आसन ग्रहण: वडा अध्यक्षज्यूहरु
आसन ग्रहण: कार्यपालिका सबै सदस्यज्यूहरु
आसन ग्रहण: प्रशासकीय अधिकतज्यू
आसन ग्रहण: विषयगत शाखा प्रमूखज्यूहरु
आसन ग्रहण: वडा सचिवज्यूहरु
आसन ग्रहण: उपस्थित सबै
कार्यक्रम उद्‌घाटन: ब्यानर पढेर नगर प्रमूख श्री बाजि सिंह खड्का (विजय)ज्यूबाट
स्वागत मन्तव्य: नगर उपप्रमूखज्यूवाट
उद्देश्यमाथि प्रकाश: प्रमुख प्रशासकीय अधिकृतज्यूबाट
शाखा तथा वडात प्रस्तुती
प्रस्तुति उपर टिप्पणी तथा सूझाव
मन्तव्य प्रमूख प्रशासकीय अधिकृत एवं उपप्रमूखज्यू
धन्यबाद एवं सुझाव सहित समापन

५. दिपायल सिलगढी नगरपालिकाको सोच : "नगरक्षेत्रमा स्वास्थ्य, शिक्षा, कृषि, पशूपालन, पुर्वाधार बिकास, जडिबूटी, जलस्रोत र पर्यटकीय क्षेत्रको उचित ब्यबस्थापन एवं बिकास गरी समृद्ध नगर बनाउने ।"

६. दिपायल सिलगढी नगरपालिकाको लक्ष्य

- सबै कृषि योग्य जमिनको उपयोग गर्ने, पशूपालनलाई व्यवसायिक बनाउने,
- पर्यटकीय क्षेत्रको संरक्षण र व्यवस्थापन गर्ने,
- समावेशी बिकासमा जोड दिने,
- उद्यमशिलताको बिकास गर्ने
- भौतिक पुर्वाधारको बिकासमा स्थानीय स्रोत साधन र जनशक्तिको परिचालन गरी गरिवी घटाउने ।

## ११. यस बर्षका राम्रा अभ्यासहरु

- हिंसा विरुद्धको वडा समिति तथा अर्न्तक्रिया कार्यक्रम वडा नं.१,२,३,४,५,६,७ र ९
- LISA को जम्मा प्राप्तांक मा ५९.५७ % समग्रमा ६३.१०, ६३.१% प्रकृयागतमा ५७.३५% र परिमाणात्मकामा ६०% प्राप्तांक रहेको छ ।
- बाल श्रम बिरुद्धको आवाज नगरभरी नै उठेको छ, वडा नं. ८ र वडा नं.५ मा बाल श्रम मूक्त वडा घोषणा चलेर नगरभरी हलचल पैदा भएको छ ।
- बालबालिकाहरु आफ्ना मुद्दाहरु आफै उठायर पक्षमा पैरबी गर्न सफल हुदैछन ।
- पोषण जीवनका लागि प्रमुख बिषय हो भन्ने कुराको समुदायमा महसुसीकरण हुदैछ र सरसफाइको अवस्था समुदायमा सुधारोन्मूख छ
- आ. व. २०७९।०८० मा नगरपालिकाको वेरोजगार सूचीमा जम्मा सुचीकृत संख्या १९०७
- प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि संघीय सरकार वाट प्राप्त वजेट रु ९४ लाख ९७ हजार(रोजगारी सृजना), आई डि ए वाट रु २३ लाख ८३ हजार , नेपाल सरकारको आफ्नै स्रोत रु ७१ लाख ५८हजार, अन्य:२३ लाख ९५ हजार,नगरपालिका ( वडा ) वाट रु २१ लाख १५.५
- पिपल्ला वजार तथा सिलगढी र राजपुर बजार क्षेत्रमा सरसफाईको अभियान सञ्चालनभई सरसफाईको अवस्था सुदृढ भएको छ ।
- कक्षा १ देखि ८ सम्मको लागि स्थानीय पाठ्यक्रम निर्माण भई पठनपाठन शुरु भएको छ ।
- विपद् व्यवस्थापनका लागि गत आ.ब. २०७८।०७९ मा घरमा क्षती भएका १९ जना व्यक्ति र एउटा विद्यालयलाई रु.२४३०००।०० मिति २०७९।०६।९ गतेको निर्णयले राहत प्रदान र मिति:२०७९।९।९ गतेका निर्णयबाट बिपद्का घटनामा परेका ३९ व्यक्तिलाई रु.२८००००।०० गरी रु.५,२३,००००।०० राहत रकम प्रदान
- भुकम्पबाट क्षती भएका निजी आबासहरुको सर्भेक्षणको प्रकृयामा रहेको करिव १३०० घरमा क्षती तथा करिव ५२६ घरमा सर्भेक्षण सम्पन्न भएको
- नगर क्षेत्रका १८० जना सुनौला हजार दिनका आमाहरुलाई पोषिलो झोला कार्यक्रम अर्न्तगत पोषण सामग्री प्रदान
- यसै आषाढमा महिनामा १९ जना श्रममा जानसक्ने बालबालिकाहरुलाई शैक्षिक सामग्री र आयआर्जन बाफत रु.१,७०,०००।०० नगदै प्रदान
- दुर्गा आ.बि.खैरतोला र मष्टेश्वर आ.बि. मछेन्तोलामा, कालिका उद्योग आ.बि. सिरखोलीसैन र सरस्वती आ.बि. घाडीमा खानेपानी सरसफाईका लागि खानेपानी र शौचालय , टिपीट्याप, यूरिनल, ट्यांकी सहित निर्माण एवं मर्मत सम्भार सम्पन्न ।
- वडा नं. १ को सिरखोलीसैन र वडा नं. ८ को लडागडाको महिला सहकारीलाई बहुक्षेत्रीय पोषण योजना तर्फको कार्यक्रमबाट रु.६,२५,०००।०० का दरले रु.१२,५०,०००।०० रुपैया सहकारीको खातामा नगदै प्रदान ।

* वडा नं. ४ को एकिकृत टोलका ७२ घरधूरीमा MSNP कार्यक्रम अन्तरगत खानेपानी फिल्टर प्रदान
* कृषि कार्यक्रम तर्फ अरहर खेतीको प्रवर्द्धनका लागि वडामा कृषकलाई बिउ बितरण

वडा तर्फका राम्रा कार्यहरु

- वडा नं. २ मा नयां एम्बुलेन्स खरिद एवं सञ्चालन
- पन्तोला वडा नं २ मा सिचाई कुलो निर्माण
- पासेदेवता मन्दिर, समाजसुधार सहकारी भवन निर्माण

स्वास्थ्य शाखा तर्फ

- लडागडा स्वा.चौकीमा ल्याव सेवा संचालन र आधारभूत स्वास्थ्य सेवा केन्द्र दिपायलमा ल्याव सेवा संचालनका लागी आवश्यक व्यवस्थापन ।
- दि.सि.न.पा.९ काडीगाउ र दि.सि.न.पा.२ को पनेतोलामा न.स्वा.के.स्थापना तथा सेवा संचालन ।
- प्रहरी प्रदेश अस्पतालमा सर्प दंश (snake bite) उपचार केन्द्र संचालन को लागी दि.सि.न.पा.बाट भवन निर्माण भई आवश्यक सामाग्री खरिद भएको ।
- प्रत्येक वडाका दूर दराजका बस्तीमा महिनाको १ पटक जेष्ठ नागरिक,अशक्त नागरिक स्वास्थ्य परिक्षण तथा उपचार ।

## १२. आ.ब. ०७९।०८० को अबधीमा भोग्नु परेका समस्याहरू

- दरवन्दी अनुसार कर्मचारीको पदपूर्ति हुन नसकेको ।
- फोहरको दिगो व्यवस्थापनकालागि ल्याण्डफिल साइट निर्माण हुन नसकेको
- नगरभित्रको हुने खाने परिवारहरुवाटै पुनः बालश्रमिक राख्ने प्रयास भईरहनु । बालविवाह छाउपडि प्रथा, बिद्यालय छोड्ने दर, बिद्यालय छोडेर भारत जाने गरेको ।
- तिव्र वसाई सराईको समस्या
- दिपायल क्षेत्रमा बसपार्कको दिगो व्यवस्थापन हुन नसकेको ।
- वडावाट मासिक रुपले पठाउन पर्ने आयको विवरण नियमित सबै वडावाट नआउंदा नगरकाको मासिक फांटवारी तयार गर्न कठिनाई भएको
- सबै स्वास्थ्य सस्थामा पानीको सहज उपलब्धता छैन
- नगरक्षेत्रका केही सामुदायिक आधारभुत तहका विद्यालयहरुमा बिद्यार्थी शिक्षक अनुपात मापदण्ड अनुसार नभई विद्यालयहरु Marge गर्नु पर्ने अवस्था सृजना हुनु ।
- नगरलाई वास्तविक योगदान गर्ने व्यक्ति तथा संस्थाहरु नभई वजेट र कार्यक्रम माग गरी योगदान भावना नहुनु ।

## १३. सुधारको लागि चाल्नुपर्ने कदमहरू तथा सुझाव

- नगरपालिकाले बनाएका नीति अनुसार शाखाले बजेट प्रस्ताव गर्दा कार्यक्रम समाबेश नभएकोले नीति बमोजिम शाखा संग छलफल गरी कार्यक्रमको अन्तिम रुप दिनु पर्ने
- अनुगमन गरी प्रतिबेदन समेत समाबेश गरी सुझावहरु कार्यान्वयनका लागि पहल गर्नु पर्ने
- पदधिकारीहरुले समीक्षा, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण जस्ता कार्यक्रमहरुलाई महत्व दिई समय निर्धारण गरी उपस्थिति जनाउनु पर्ने ।
- दातृ निकाय समेतको सहयोगमा सञ्चालन भएको बहुक्षेत्रीय पोषण योजना कार्यक्रम तर्फ प्राप्त जम्मा संघीय मामिला तथा सामान्य प्रशासन अन्तंगत प्राप्त बजेटपुर्ण निकासा नभइ महिला सहकारी संस्थाको रकम हाल सम्म आउन नसकेको
- वडा नं.४ बाट आएको सुझाव कामको चाप अनुसार कर्मचारीको व्यबस्थापन भएन
- खानेपानी नियमित भएका स्वास्थ्यसंस्थाहरु ६ वटामात्र भएकोले सबैमा पुर्‍याउन पहल गर्नु पर्ने
- स्वास्थ्य शाखाबाट प्राप्त प्रतिबेदनका आधारमा १५ देखि ४९ बर्ष उमेर समुहका २२ प्रतिशतले मात्र परिवार नियोजनका साधन प्रयोग गर्ने भएकोले प्रयोगकर्ता बढाई परिवार व्यबस्थापन गर्न जरुरी छ ।
- सम्भव भएसम्म प्राबिधिक कर्मचारीहरुलाई वडा सचिवको जिम्मा नदिए प्राबिधक काम सहज हुने
- कृषि तर्फको कार्यक्रम वडामा पकेट क्षेत्र बनायर कार्यावयन गर्दा सहज हुने
- महिला बालबालिका तर्फ अपांग परिचय पत्र सामाजिक सुरक्षा प्राप्त गर्ने नै चाहिने प्रेसर आउने गरेको

## .१४.सहभागि पत्रकारहरुबाट सुझाव

- सरकारी बिद्यालयमा केटी र वोर्डिडमा केटाको संख्या धेरै भएकोले समाजमा लैंगिक बिभेद बिद्यमान छ ।
- नगरबाट बसाइसरी जाने धेरै भएकोले नगरपालिकाले नगरको दीगो ब्यबस्थापनका कार्य गर्नु पर्ने
- नाचन्थली मोडमा रोडमा आवास ब्यापार भएकोले व्यवस्थापन जरुरी
- नगरक्षेत्रमा अझै पनि घरमा सुत्करी हुनेको संख्या देखिएकोले स्वास्थ्य संस्थाको सेवा बिस्तार गर्नु पर्ने

## १५. नगर उपप्रमुख कलाबती महर साउंदको सुझाव

- समस्यामा सबै मिलेर जाउं र सुधार गरौ अबस्य सकारात्मक परिवर्तन आउंछ

## १६. कार्यक्रमका प्रमुख अतिथी नगर प्रमुख श्री बाजि सिंह खड्काको सुझाव

- समीक्षाको अर्थ समान चाहाना बनाउनु हो तसर्थ जनताको चाहानालाई सम्बोधन कति गर्न सक्यौं भन्ने कुरामा समीक्षा केन्द्रित गर्न जरुरी छ

आ.व. : २०७९/८० अवधी : २०७९/०४/०१-२०८०/०३/३१

## आय

| | | | | |
|---|---|---|---|---|
| १४२४५ नाता प्रमाणित दस्तुर | ६०,०००.०० | ५९,५५६.०० | ९९.२६ | ४४४.०० |
| १४२४९ अन्य दस्तुर | ३,१५,०००.०० | ५,५२,१३१.६१ | १७५.२८ | (२,३७,१३१.६१) |
| १४२५४ रेडियो/ एफ.एम.सञ्चालन दस्तुर | ३,०००.०० | ०.०० | ० | ३,०००.०० |
| १४३११ न्यायिक दण्ड, जरिवाना र जफत | ५०,०००.०० | ०.०० | ० | ५०,०००.०० |
| १४३१२ प्रशासनिक दण्ड, जरिवाना र जफत | ०.०० | ४१,९२०.०० | ४१९२००० | (४१,९२०.००) |
| १४६११ व्यवसाय कर | २५,००,०००.०० | २४,८०,९९०.२७ | ९९.२४ | १९,००९.७३ |
| १५१११ बेरुजू | २५,०००.०० | २,५०,०००.०० | १००० | (२,२५,०००.००) |
| ३२१२२ बैंक मौज्दात | ६,६२,६७,५१२.०० | ६,६२,६७,५१२.३१ | १०० | (०.३१) |
| जम्मा | ६८,६०,५७,५१२.०० | ६०,९६,४४,७१७.०२ | ८८.८६ | ७,६४,१२,७९४.९८ |

## व्यय

| | | | | |
|---|---|---|---|---|
| २२५२९ विविध कार्यक्रम खर्च | १२,८०,०००.०० | ७,२६,१४०.०० | ५६.७३ | ५,५३,८६०.०० |
| २२६११ अनुगमन, मूल्यांकन खर्च | ३,५०,०००.०० | २,८८,४७९.०० | ८२.४२ | ६१,५२१.०० |
| २२६१२ भ्रमण खर्च | ४१,९८,०००.०० | ४०,०६,२३४.०० | ९५.४३ | १,९१,७६६.०० |
| २२७११ विविध खर्च | ३३,०६,०००.०० | ३२,०३,६७७.०० | ९६.९ | १,०२,३२३.०० |
| २२७२१ सभा सञ्चालन खर्च | ७,२०,०००.०० | ५,९८,९५०.०० | ८३.१९ | १,२१,०५०.०० |
| २५२११ गैर वितीय व्यवसायहरूलाई चालु सहायता | ०.०० | ०.०० | ० | ०.०० |
| २५३११ शैक्षिक संस्थाहरूलाई सहायता | २०,६९,१५,०००.०० | १९,७२,२५,६५७.४० | ९५.३२ | ९६,८९,३४२.६० |
| २५३१५ अन्य संस्था सहायता | १०,००,०००.०० | ८,२४,६०७.०० | ८२.४६ | १,७५,३९३.०० |
| २७१११ सामाजिक सुरक्षा | ९४,९७,०००.०० | ९३,७१,४०४.०० | ९८.६८ | १,२५,५९६.०० |
| २७११२ अन्य सामाजिक सुरक्षा | १७,६०,०००.०० | १६,७९,५००.०० | ९५.४३ | ८०,५००.०० |
| २७२११ छात्रवृति | ४६,२५,०००.०० | ३५,८९,७००.०० | ७७.६२ | १०,३५,३००.०० |
| २७२१२ उद्धार, राहत तथा पुनर्स्थापना खर्च | ४५,९०,०००.०० | ३५,३५,७९१.०० | ७७.०३ | १०,५४,२०९.०० |
| २७२१३ औषधीखरिद खर्च | ३७,०५,०००.०० | ३६,११,२३६.०० | ९७.४७ | ९३,७६४.०० |
| २८१४१ जग्गाको भाडा | २,५०,०००.०० | २,३२,४१५.०० | ९२.९७ | १७,५८५.०० |
| २८१४२ घरभाडा | ९,३५,०००.०० | ५,६३,१२०.०० | ६०.२३ | ३,७१,८८०.०० |
| २८१४३ सवारी साधन तथा मेशिनर औजार भाडा | २,००,०००.०० | ७९,०००.०० | ३९.५ | १,२१,०००.०० |
| पूंजीगत | २३,७९,२०,५१२.०० | १६,१३,०६,३४०.८७ | ६७.८ | ७,६६,१४,१७१.१३ |
| ३१११ आवासीय भवन निर्माण/खरिद | ४,००,०००.०० | ३,८१,३९४.८७ | ९५.३५ | १८,६०५.१३ |
| ३१११२ गैर आवासीय भवन निर्माण/खरिद | ४,४७,००,०००.०० | ३,९४,२८,६४२.०० | ८८.२१ | ५२,७१,३५८.०० |
| ३११२१ सवारी साधन | २२,००,०००.०० | २२,००,०००.०० | १०० | ०.०० |
| ३११२२ मेशिनरी तथा औजार | ७३,०३,०००.०० | ६४,१४,६०८.०० | ८७.८४ | ८,८८,३९२.०० |
| ३११२३ फर्निचर तथा फिक्चर्स | २७,२५,०००.०० | २३,९२,६३३.०० | ८७.८ | ३,३२,३६७.०० |
| ३११३१ पशुधन तथा बागवानी विकास खर्च | ८,००,०००.०० | ६,००,०००.०० | ७५ | २,००,०००.०० |
| ३११३४ कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च | १,००,०००.०० | ०.०० | ० | १,००,०००.०० |
| ३११३५ पूँजीगत परामर्श खर्च | २९,००,०००.०० | १२,९३,५१३.०० | ४४.६ | १६,०६,४८७.०० |
| ३११५१ सडक तथा पूल निर्माण | ८,०८,२०,०००.०० | ५,३४,१८,६४५.०० | ६६.०९ | २,७४,०१,३५५.०० |
| ३११५४ तटबन्ध तथा बाँधनिर्माण | ५,००,०००.०० | ०.०० | ० | ५,००,०००.०० |
| ३११५५ सिंचाई संरचना निर्माण | १,४१,७५,०००.०० | १,२२,४३,११३.०० | ८६.३७ | १९,३१,८८७.०० |
| ३११५६ खानेपानी संरचना निर्माण | १,६४,५०,०००.०० | ९३,२८,७३१.०० | ५६.७१ | ७१,२१,२६९.०० |
| ३११५८ सरसफाई संरचना निर्माण | १९,५०,०००.०० | १३,१४,०७६.०० | ६७.३९ | ६,३५,९२४.०० |
| ३११५९ अन्य सार्वजनिक निर्माण | ४,०७,८५,०००.०० | २,९६,५४,८३२.०० | ७२.७ | १,११,३०,१६८.०० |
| ३११६१ निर्मित भवनको संरचनात्मक सुधार खर्च | ४,२०,०००.०० | ३,९६,१६५.०० | ९४.३३ | २३,८३५.०० |
| ३११७१ पूँजीगत सुधार खर्च सार्वजनिक निर्माण | २३,२५,०००.०० | १७,७४,९९१.०० | ७६.३४ | ५,५०,००९.०० |
| ३१४११ जग्गाप्राप्ति खर्च | १,९३,६७,५१२.०० | ४,६४,९९७.०० | २.४ | १,८९,०२,५१५.०० |
| जम्मा | ६८,६०,५७,५१२.०० | ५५,४९,७२,०७६.६८ | ८०.८९ | १३,१०,८५,४३५.३२ |



1/3/2024, 9:58 PM

Date
Page

आज मिति २०८० साल श्रावण [illegible] गतेका दिन दिपायल सिलगढी नगरपालिकाको सेवा प्रवाह, आयोजना कार्यक्रम कार्यान्वयन तथा बजेट खर्च सम्बन्धी आ.व. ०७९/०८० को तेस्रो चौमासिक समीक्षा एवं आ.व. ०७९/०८० को वार्षिक समीक्षा कार्यक्रम प्रमुख प्रशासकीय अधिकृत श्री शंकर सुचीकारज्यू को अध्यक्षता एवं नगरप्रमुख श्री बाजि सिंह खड्का (विजय)ज्यू को प्रमुख आतिथ्यता आयोजना भई निम्नानुसारका व्यक्तिहरुको उपस्थितिमा सम्पन्न भयो।

उपस्थिति

| हस्ताक्षर | नाम थर | पद / कार्यालय |
|---|---|---|
| [signature] | श्री बाजि सिंह खड्का | नगर प्रमुख, दि.सि.न.पा. |
| [signature] | श्री कलावती महर साउद | " उप " " |
| [signature] | श्री शंकर सुचिकार | प्र. प्र. अधिकृत " |
| | श्री कृष्ण ब. साउद | वडाअध्यक्ष वडा नं १ |
| [signature] | श्री राजेन्द्र खड्का | " " २ |
| | श्री नारायण सिं साउद | " " ३ |
| | श्री अशोक कुमार थापा | " " ४ |
| [signature] | श्री महेन्द्र बहादुर के.सी. | का.वा. " ५ |
| [signature] | श्री दीपा शेख | " " " ६ |
| [signature] | श्री कर्ण बहादुर विष्ट | वडाअध्यक्ष " ७ |
| [signature] | श्री दशरथ बलायर | " " " ८ |
| [signature] | श्री हर्क बहादुर साउद | " " " ९ |
| [signature] | श्री लोकेन्द्र राज जोशी | वडा सचिव - ४ |
| [signature] | श्री आसीस आले | कृषि अधिकृत, कृषि शाखा |
| [signature] | श्री टेकराज भण्डारी | रोजगार संयोजक रो.से.के. |
| [signature] | श्री लक्ष्मीराज ओली | सूचना अधिकारी |
| [signature] | श्री अनिल कु. ठाकुर | खेलकुद संयोजक |
| [signature] | श्री धीरे सुन्दर श्रेष्ठ | वडा सचिव - ६ |
| [signature] | श्री टेक प्रसाद जोशी | उप.नगर प्र. दि.सि.न.पा.का |
| [signature] | श्री सानुमाया खितुगुरुङ | शाखा प्रमुख महिला तथा |
| [signature] | श्री निशा जोशी | [illegible] दि.सि.न.पा.का |
| [signature] | श्री [illegible] | [illegible] आई.टी. अपरेटर |

जयलक्ष्मी कुमारी जोशी वडा सचिव . वडा नं. 6

तेज बहादुर खड्का खाद्य आपूर्ति. दि.धौ.पा डोटी

सत्यसुन्दर राजभण्डारी आधिकृत दि. डिजर्भ युद्ध सेवा शाखा

मोहन मलासी (नगर प्रहरी)

मान व. कडायत वडा सचिव दि.दि.न.पा. T

डिल बहादुर महरा अधिकृत ,, ,, डोटी

विष्णु बहादुर केसी ना.सु. ,,

(3) योगेन्द्र चन्द्र खड्का पोषण स. दि. जि.न्योटी

हरिमाया बत (धामी) पोषण स. दि.सि.ने.पा.

सोरूप सिंह सब इन्जिनियर दि.नि.प.

तारा प्रसाद जोशी = के. अ. = दि.नि.न.पा. डोटी

रमेशचन्द्र जोशी - सा.वि. अधिकृत दि.दि.न.पा.

राम बहादुर (बस्नेत) ड.नि. अधिकृत ,,

कर्ण ब. मलासी सब-इन्जिनियर ,,

विमला सऊद का.स

जुनु राइमाझी का.स

भगवती अमपती राइमाझी का.स

जुनकिरी नेपाली का.स ,, (

जीवन प्र नगरकोटी ,,

भूपेन्द्र धामी ,,

मरवराज भट्ट

अशोक कुमार जोशी, ४ नं.वडा अध्यक्ष

रमेश कुमार खड्का दि.दि.न.पं. के.अ.

तेजराज भट्ट ,, - ,,

लोकेन्द्र बोहरा वा.स दि.दि.न.पा. वडा

जेष्ठ नागरिक एकल महिला अपांगता भएकालाई न्यानो कपडा तथा कम्वल वितरण













नारी दिवशमा दि.सि.न.पा.वडा नं.६ वाटसहभागी महिलाहरु

